# डिसिबिएल बैंक लिमिटेड
## कमलादी, काठमाण्डौंको
## नवौं वार्षिक साधारण सभाको
## अभिलेख (माइन्यूट)

१. **वैधानिक सभा**

डिसिबिएल बैंक लिमिटेडको मिति २०६६ कार्तिक ५ गते बसेको संचालक समितिको निर्णयानुसार कम्पनी ऐन २०६३ र यस बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम नवौं वार्षिक साधारण सभा बैंकको संचालक समितिका अध्यक्ष श्री कृष्णलाल महर्जनज्यूको सभापतित्वमा निम्नलिखित मिति र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय भई देहाय बमोजिम सम्पन्न भयो ।

२. **नवौं वार्षिक साधारण सभा बसेको मिति, समय र स्थानः**

१) मिति : २०६६ मार्ग २६ गते (December 11, 2009) शुक्रबार
२) समय : बिहान ११:०० बजे
३) स्थान : प्रज्ञा भवन, कमलादी, काठमाण्डौं

३. **सभाको सूचना/गणपूरक**

क) यस बैंकको मिति २०६६ साल कार्त्तिक ५ गते बसेको संचालक समितिको निर्णयानुसार नवौं वार्षिक साधारण सभाको सूचना नेपाल समाचारपत्र दैनिकमा २०६६ साल कार्तिक २६ गते र नागरिक दैनिकमा २०६६ साल कार्तिक २७ गते प्रकाशित गरिएको कम्पनी सचिवले सभामा जानकारी दिनुभयो ।

साधारण सभा बस्ने सूचनाको साथै संचालक समितिको प्रतिवेदन, २०६६ साल आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त आ.व. २०६५/०६६ को नाफा–नोक्सान हिसाब तथा सोही अवधिको नगद–प्रवाह विवरण आदि समेत समाहित पुस्तिका शेयरधनी महानुभावहरुको उपलब्ध ठेगानाहरुमा कुरियर र हुलाक मार्फत पठाईएको पनि कम्पनी सचिवले जानकारी दिनुभयो ।

ख) उक्त सभामा शेयरधनीहरुको उपस्थिति ५१७ रहेको र बिक्रि भएको कूल शेयर संख्याको ५५.४% प्रतिशत प्रतिनिधित्व भएको व्यहोरा पनि जानकारी दिइयो ।

## ४. <u>नवौं वार्षिक साधारण सभाको छलफल तथा निर्णयका लागि निर्धारित विषयसूचीः</u>

१. नवौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकद्धारा प्रेषित प्रतिवेदन सहितको २०६६ आषाढ मसान्तको वासलात,सोहि मितिमा समाप्त आ. व. २०६५/६६ को नाफा-नोक्सान हिसाब तथा नगद-प्रवाह विवरण छलफल गरी स्वीकृत गर्ने ।

३. आर्थिक वर्ष २०६६/६७ को लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम श्री एन. अमात्य एण्ड कम्पनीलाई लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक पारित गर्ने ।

४. बैंकको जारी तथा चुक्ता पुँजी बृद्धि गर्न चुक्ता पुँजीको ५ प्रतिशत (खुद) रकम रु. ८ करोड २७ लाख ६४ हजारको बोनस शेयर जारी गर्ने, भिन्न अंक (Fraction) मा आएका शेयरहरुलाई माथिल्लो पूर्ण अंक (Upper Whole Number) मा परिणत गर्ने, सोको प्रयोजनको लागि अंकित मूल्यका आधारमा शेयरधनीहरुसँग भुक्तानी लिई समायोजन गर्ने, यसरी समायोजन गर्दा समुह ‘क’ तथा ‘ख’ का शेयरधनीहरुको शेयर ग्रहण अनुपात कायमै रहने गरी आवश्यक परे समानुपातिकरुपमा शेयर थप गरी तद्नुकुल जारी तथा चुक्ता पुँजीमा समायोजन गर्न स्वीकृत गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा बोनस शेयरको लाभांश करको प्रयोजनको लागि नगद लाभांश रकम रु. ४३ लाख ५६ हजार जारी गर्ने सम्बन्धी सामान्य प्रस्ताव पारित गर्ने ।

५. बैंकको प्रबन्ध–पत्रको संशोधन प्रस्ताव स्वीकृत गर्ने, प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरवदल सुझाव भएमा सो सुझावअनुसार आवश्यक फेरवदल गर्न बैंकको संचालक समिति वा

संचालक समितिले तोकेको कुनै व्यक्तिलाई अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव ।

६. विविध

## ५. उपस्थितिः

### ५.१ सञ्चालकहरुको उपस्थिति

| | |
|---|---|
| क) श्री कृष्णलाल महर्जन | अध्यक्ष |
| ख) सुश्री कमला शाक्य | संचालक (संस्थापक समूह) |
| ग) श्री प्रदिप कुमार राजभण्डारी | संचालक (संस्थापक समूह) |
| घ) श्री सोहनबाबु खत्री | संचालक (संस्थापक समूह) |
| ङ) श्री कृष्णहरि भण्डारी | संचालक (सर्वसाधारण समूह) |
| च) श्री डा. मधुवनलाल मास्के | संचालक (सर्वसाधारण समूह) |
| छ) श्री देवराज राजभण्डारी | संचालक (सर्वसाधारण समूह) |
| ज) श्री केशवप्रसाद अधिकारी | संचालक (व्यावसायीक) |

### ५.२ अन्य पदाधिकारी

| | |
|---|---|
| क) श्री सुधीरबाबु खत्री | प्रमुख कार्यकारी अधिकृत/प्रेसिडेन्ट |
| ख) श्री हिरण्य भक्त प्रधानाङ्ग | प्रतिनिधी, लेखापरिक्षक, आर. बज्राचार्य एण्ड कम्पनी |
| ग) श्री नारायणलाल श्रेष्ठ | कम्पनी सचिव |

## ६. शेयरधनीहरुको उपस्थिति

| | | |
|---|---|---|
| क) शेयरधनी स्वयं | - | ५१३ |
| ख) प्रोक्सीबाट | - | ४ |
| ग) जम्मा उपस्थित | - | ५१७ |

## ७. गणपूरक संख्या

| विवरण | कुल संख्या | स्वयं उपस्थित (क) | प्रतिनिधि मार्फत (ख) | जम्मा (क+ख) | जम्मा बिक्री भएको शेयरको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी | १७२८७ | ५१३ | ४ | ५१७ | – |
| बिक्री भएको शेयर संख्या | १६५५२८८९ | ७७३०२९९ | १४३४६७४ | ९१६४९७३ | ५५.४% |

## ८. सभाको वैधानिकता:

कम्पनी ऐन २०६३ को दफा ६७ (२) र यस बैंकको प्रबन्धपत्र तथा यस बैंकको नियमावलीको दफा ४ (३) बमोजिम सभा बोलाइएको र सभाको लागि आवश्यक गणपूरक संख्याको हकमा सोही ऐनको दफा ७३ (२) तथा यस बैंकको नियमावलीको दफा ५ मा उल्लेख भएको आवश्यक स्वयं उपस्थित शेयरधनीहरु ३ जनाभन्दा बढी माथि उल्लेख भए बमोजिम ५१७ जना उपस्थित हुनु भएको र बिक्री भएको कुल शेयर संख्याको प्रतिशतले ५०% भन्दा बढीको प्रतिनिधित्व हुनुपर्नेमा ५५.४% पुगेको हुँदा सभा संचालनको लागि कुनै कानुनी व्यवधान नरहेको व्यहोरा शेयरधनी महानुभावहरुमा कम्पनी सचिवबाट अवगत गराएपछि सभाको कार्यक्रम शुरु भयो ।

साधारण सभाको सभापतित्व गर्नको लागि कम्पनी ऐन २०६३ को दफा ७४ (१) र यस बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनी सचिवले यस सभाको सभापतित्व गरिदिन बैंकका संचालक समितिका अध्यक्षलाई अनुरोध गर्नु भएपछि बैंकका संचालक समितिका अध्यक्ष श्री कृष्णलाल महर्जनज्यूले सभापतिको आसन ग्रहण गर्नुभयो ।

बैंकका कार्यकारी प्रमुख तथा प्रेसिडेन्ट श्री सुधीरबाबु खत्रीले उपस्थित शेयरधनीहरुलाई स्वागत गर्नुका साथै बैंकको स्थितिबारे छोटकरीमा प्रकाश पार्नुभयो । सभामा उपस्थित बैंकका संचालकहरुको परिचय पनि प्रस्तुत गरियो ।

## ९. <u>नवौं वार्षिक प्रतिवेदनको प्रस्तुती:</u>

सभाको विषय सूची अनुसार श्री कृष्णलाल महर्जनज्यूले संचालक समितिको नवौं वार्षिक प्रतिवेदन २०६५/०६६ पढेर सुनाउनुभयो तथा वार्षिक प्रतिवेदन, प्रेषित वासलात, नाफा-नोक्सान हिसाब, सोही अवधिको नगद-प्रवाहको विवरण तथा लेखापरीक्षकको प्रतिवेदन आवश्यक स्विकृतीको लागि पेश भएकोमा छलफल गर्न ईच्छुक शेयरधनी महानुभावहरुलाई आ-आफ्नो जिज्ञासा तथा रचनात्मक सुझावको लागि आमन्त्रण गर्नुभयो ।

**<u>निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो जिज्ञासा, मन्तव्य तथा सुझावहरु राख्नुभयो ।</u>**

१) डा. माधव कुमार श्रेष्ठ
२) श्री अमृतनाथ रेग्मी
३) श्री मेजर कुवेर श्रेष्ठ
४) श्री ठाकुर प्रसाद कोइराला
५) श्री निर्मल प्रधान
६) श्री महेन्द्र बहादुर श्रेष्ठ
७) श्री रोजकुमार श्रेष्ठ
८) श्री दामोदर रेग्मी
९) श्री अमीर दास श्रेष्ठ
१०) श्री डमरु बल्लभ घिमिरे
११) श्री व्यास कुमार शर्मा
१२) श्री शिवप्रसाद शर्मा
१३) श्री इन्द्रकृष्ण श्रेष्ठ
१४) श्री श्यामप्रसाद न्यौपाने
१५) श्री रामलाल श्रेष्ठ

**<u>निम्न वक्ता शेयरधनीहरुको मन्तव्य निम्न बमोजिम छोटकरीमा टिप्पणी गरिएको छ ।</u>**

### १) <u>डा. माधव कुमार श्रेष्ठ</u>

- समयमै वार्षिक साधारण सभा गरेकोमा धन्यवाद दिनुभयो ।
- ५% बोनस शेयर प्रदान गरेकोमा पनि धन्यवाद दिनुभयो ।

साथै उहाँले निम्न प्रश्नहरु राख्नुभयो :

- बैंकको चालु आ.व. २०६६/६७ को RONW (Return on Networth) Target कति हो ?
- समिक्षा वर्ष (२०५६/६६) र चालु वर्ष (२०६६/६७) को तुलना गर्दा Annual Net Profit Growth कति छ ?
- निस्क्रिय कर्जा घटाउन सक्ने नसक्ने के छ ?
- नेपाल राष्ट्र बैंकबाट भएको स्थलगत निरिक्षणबाट के-कस्तो निर्देशन भै कार्यान्वयन भएको बारे जानकारीको लागी अनुरोध गर्नुभयो ।
- बैंकको नगद प्रवाह (Cash Flow Statement) मा सुधार ल्याउन Operational Liquidity Index, Financial Liquidity Index, Investment Liquidity Index बाट स्पष्ट गरिदिन आग्रह गर्नुभयो ।
- धितोपत्र वोर्डबाट बैंक संचालन बारे अध्ययन गरी निर्देशन दिएको छ-छैन र धितोपत्र वोर्डबाट अध्ययन हुनुपर्ने सुझाव दिनुभयो ।
- "Leadership" को आठौं अक्षर "H" अर्थात Handling बारे अध्यक्ष ज्यूलाई छुट्टै २० पेजको विवरण जानकारीको लागी पेश गर्ने बताउनुभयो ।

२) **<u>श्री अमृतनाथ रेग्मी</u>**

- आगामी वर्ष रु. २० देखि रु. २५ करोडको मुनाफा लक्ष्य राख्नु पर्नेमा रु. १५ करोड मात्र राखेकोमा असन्तोष व्यक्त गर्नुभयो ।
- आगामी वर्षको लागी १०% सम्मको Right Issue को व्यवस्थाको लागी वार्षिक साधारण सभाबाट समितिलाई अख्तियारी दिने प्रस्ताव पेश गर्ने सुझाव दिनुभयो ।
- आगामी वर्षहरुलाई दृष्टिगत गरी निम्न थप केहि आवश्यक व्यवस्थाहरु गर्न सुझाव दिनुभयो ।

  - Authorized Capital बढाउने
  - Late Night Deposit Collection बारे
  - ATM मा पनि Cheque बाट भुक्तानी बारे
  - Staff Retention मा विशेष ध्यान दिने

- विदेशमा समेत Staff Training को लागी व्यवस्था गर्नेबारे

- Staff Efficiency बढेको बारे AGM को ध्यानाकर्षण हुनुपर्ने ।
- बैंकको Investment Strategy तथा Foreign Exchange Mobilization मा अझ विशेष ध्यान पुऱ्याउन सुझाव दिनुभयो ।
- बैंकको AGM मा उपस्थित हुने शेयरधनीहरुलाई जलपानको व्यवस्था हुनुपर्ने सुझाव दिनुभयो ।

३) **<u>श्री मेजर कुवेर श्रेष्ठ</u>**

- बैंकका पदाधिकारीको विवरण दिइएकोमा धन्यवाद दिनुभयो ।
- ५% बोनस प्रदान गरेकोमा पनि धन्यवाद दिनुभयो ।
- बैंकको नयाँ सडक स्थित महिलाबाट मात्र संचालन भएको शाखाको Performance को प्रशंसा गर्नुभयो ।
- बैंकको Real Estate मा के-कति ऋण लगानी र सो बारे Defensive Plans र Strategy को जानकारी माग गर्नुभयो ।
- Himalayan Distillery Shares को सकेसम्म छिटो Dispose गर्न सुझाव दिनुभयो ।
- Staff Training को रकम कम भएकोमा चासो देखाउनुभयो ।
- परामर्श खर्च बारे जानकारी माग्नुभयो ।
- बैंकले Diversification of Investment बारे के सोचेको छ जानकारी माग्नुभयो ।
- देशको विकासमा बैंकको प्रत्यक्ष सहयोगको भूमिका (Road Map) हुनुपर्ने सुझाव दिनुभयो ।
- यस बैंकले आउँदो ५ वर्षको योजना सहितको विवरण बनाउनु पर्ने सुझाव दिनुभयो ।
- Infrastructure Investment मा Focus गर्न सकिने जिज्ञासा व्यक्त गर्नुभयो ।
- माइन्यूटमा उल्लेख भएका कार्य विवरण के-कति प्रगति भए सो बारे उल्लेख भएमा राम्रो हुने सुझाव दिनुभयो ।

- Corporate Social Responsibility अर्न्तगत छात्रवृत्ति प्रदान गर्न र Medical Service को Program हरु संचालन हुन मनासिव हुने रायदिनुभयो ।
- DCBL को कर्मचारीलाई वर्षको Best Award को व्यवस्था गर्न सुझाव दिनुभयो ।
- अर्को साल २०% Dividend को अपेक्षा गर्नुभयो ।

४) **<u>श्री ठाकुर प्रसाद कोइराला</u>**

- Bonus प्रदान गरिएकोमा धन्यवाद दिनुभयो ।
- Share को Fraction लाई हटाई शेयरधनीहरुलाई सुविधा दिएकोमा खुशी व्यक्त गर्नुभयो ।
- बैंकको प्रेषित लेखा विवरणहरुमा नेपाल राष्ट्र बैंकबाट प्राप्त टिप्पणी बिना कैफियत (Clean Chit) प्राप्त भएकोमा खुशी व्यक्त गर्नुभयो ।
- बैंकले हेटौडा क्षेत्रमा शाखा खोल्न सुझाव दिनुभयो ।
- पर्यटन विकासमा सहयोग पुऱ्याउने नितिको सुझाव दिनुभयो ।
- बैंकको Human Resource Development मा राम्रो ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।
- आगामी सालको लागी अनुमानित नाफा बारे पनि सकारात्मक राय सहित बैंकको वार्षिक साधारण सभा सफलताको लागी कामना गर्नुभयो ।

५) **<u>श्री निर्मल प्रधान</u>**

- यस बैंकबाट प्रदान गरेको बोनस शेयरको लागि धन्यवादको साथै यस बैंकबाट संचालनको शुरु देखि नै केहि न केहि रुपमा शेयरधनीहरुलाई लाभांश प्रदान गर्दै आएको व्यहोरा पनि स्पष्ट गर्नुभयो ।
- यस बैंकको हाल Share Price को सन्दर्भमा बैंकको यथास्थिति बारे जनसाधारण तथा शेयरधनीहरुलाई राम्रो जानकारी दिन नसकेको र बैंकको वस्तु स्थिति बारे जनमानसमा स्पष्ट गराउनेमा ध्यान दिनुपर्ने विशेष सुझाव दिनुभयो ।
- बैंकका संस्थापकहरुको नेपाल राष्ट्र बैंकबाट स्वकृती प्राप्त भइ साधारण शेयरमा रुपान्तरण हुने १९% शेयरको कारणले पनि शेयर बजारमा बैंकको शेयर मूल्य खस्केको साथै ती शेयरहरु विभिन्न

कारणले तत्काल बजारमा खरिद बिक्रीको लागि उपलब्ध हुन सक्ने संभावना न्यून रहेको व्यहोरा AGM मै बैंकका पदाधिकारीबाट स्पष्ट गर्न सके शेयर मूल्यमा पनि राम्रो असर पर्ने विचार सुनाउनुभयो ।

- नेपाल राष्ट्र बैंकबाट हाल प्रकाशित निर्देशनमा Housing र Real–Estate मा लगानी सिमा बन्देज गराएको हुँदा अब Margin Lending मा बैंकहरुको लगानी बढाउने व्यवस्थाको लागि यस बैंकबाट पहल गरिदिन पनि अनुरोध गर्नुभयो ।

६) **श्री महेन्द्र बहादुर श्रेष्ठ**

- ५% बोनसले Share Price मा खास फरक नपर्ने मन्तव्य दिनुभयो ।
- बैंकको Branch Expansion ले पनि Bank Promotion मा सहयोग हुने राय दिनुभयो ।
- Merchant Banking ले पनि नाफा बढाउन सकिने विचार प्रकट गर्नुभयो ।
- Investment बारे राम्रो विश्लेषण गरेरमात्र कार्यान्वयन हुनुपर्ने सुझाव दिनुभयो ।
- मालपोतमा घरजग्गा खरिद बिक्री कार्यमा सहयोगीको रुपमा काम गर्न सकेमा पनि Deposit Collection मा बृद्धि हुन सक्ने सुझाव दिनुभयो ।
- ATM को संख्या बढाउन र आगामी सालमा ३०% को नाफाको लक्ष्य राख्नुपर्ने राय दिनुभयो ।

७) **श्री रोजकुमार श्रेष्ठ**

- वार्षिक प्रतिवेदन आकर्षक रुपमा पेश गर्नुभएकोमा धन्यवाद दिनभयो ।
- ५% बोनस प्रदान गर्नुभएकोमा पनि धन्यवाद दिनुभयो ।
- प्रतिवेदनमा भएका साना-साना गल्तीहरु आगामी प्रतिवेदनमा हुन नदिन ध्यानदिन आग्रह गर्नुभयो ।
- यो बैंक अन्य बैंकहरुसँग Merge हुने बारे के-कस्ता योजना छ सो बारे जानकारी पाउन अनुरोध गर्नुभयो ।

८) **<u>श्री दामोदर रेग्मी</u>**

- बैंकको Performance राम्रो भएको र बैंकको स्तर बढेकोमा शेयरधनीहरुलाई लाभांश राम्ररी दिनुपर्ने रायसाथ आगामी साल १०% भन्दा बढी लाभांशको लक्ष्य राख्नुपर्ने सुझाव दिनुभयो ।
- Development Bank को Status हुँदा खेरिकै जस्तो Commercial Bank भईसकेपछि पनि व्यवसायिक दक्षताका साथ परिणाम मूलक व्यवस्थापनको निरन्तरतामा ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।

९) **<u>श्री अमीर दास श्रेष्ठ</u>**

- समयमै सभा गरेकोमा धन्यवाद दिनुभयो ।
- ५% बोनस प्रदानगरेकोमा पनि धन्यवाद दिनुभयो र बोनसमा हाल भईरहेको Fraction लाई हटाउने प्रस्ताव प्रति सहमति जाहेर गर्नुभयो ।
- आगामी सालको लागि दिइएको Profit Projection पनि सराहणिय भएको राय दिनुभयो ।
- नयाँ सडकमा हाल रहेको शाखा (महिला कर्मचारी मात्र) को Performance मा सकारात्मक टिप्पणी गर्नुभयो ।
- बैंकको Latest Financial Position बारे जानकारी पाउन आग्रह गर्नुभयो ।
- बैंकबाट सामाजिक दायित्व अन्तर्गत Cancer, Quit Smoking जस्ता कार्यमा सम्लग्न रहि कार्य गरेकोमा पनि सराहना गर्नुभयो ।
- यस बैंकको Real Estate मा भएको लगानी बारे जानकारी उपलब्ध गराउन माग गर्नुभयो ।
- बैंकबाट खुल्ने शाखाहरु राम्रो संभावना (Feasibility) अध्ययन गरि नाफा मुलक रुपमा मात्र स्थापना गर्नुपर्ने राय दिनुभयो ।
- कम लागतको माध्यमबाट Deposit Mobilization मा विशेष ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।
- बैंकमा कार्यरत CEO लगायत अन्य कर्मचारीको Retention गराउने बारे पनि सतर्कता अपनाउन सुझाव दिनुभयो ।

१०) **<u>श्री डमरु बल्लभ घिमिरे</u>**

- DCBL बैंकले Commercial Bank को रुपमा ५% बोनस दिएकोमा धन्यवाद दिनुभयो ।
- DCBL का शेयरधनीहरुको शेयरमा रहेको Fraction शेयरधनीहरुको हितका लागी हटाउने प्रस्ताव पनि सराहणिय भएको राय प्रकट गर्नुभयो ।
- DCBL बाट कुनै नयाँ Product भए जानकारी पाउन अनुरोध गर्नुभयो ।
- DCBL को भवन निमार्ण बारे पनि प्रगति विवरणको माग गर्नुभयो ।
- बैंकको अन्य बैंक/बित्तीय संस्थासँग Merge गर्ने भन्नेबारे स्पष्ट जानकारीको माग गर्नुभयो ।
- नेपाल राष्ट्र बैंकको शेयरधनी प्रतिको Attitude लाई दृष्टिगत गरि शेयरधनीहरुको Association को गठन भएको जानकारीको साथै उक्त Association का अध्यक्ष यस बैंकका शेयरधनी श्री अशोक उप्रेतीबाट बैंकको साधारण सभाको सफलताका लागी दिनुभएको व्यहोरा पनि सुनाउनुभयो ।

११) **<u>श्री व्यास कुमार शर्मा</u>**

आफ्नो लिखित मन्तव्यमा

- DCBL ले देशको हालको अवस्थामा पनि समिक्षा आवधिमा निक्षेप मौज्दात तर्फ १२७%, कर्जा सापट तर्फ ७६% र खुद मुनाफा तर्फ झण्डै ८८% बृद्धि गर्न सफलता प्राप्त गरेको कुशल व्यवस्थापनको नतिजा भएको ठहर गर्नुभयो ।
- ५% बोनस शेयर र Fraction समेत मिलाउने संचालक समितिको निर्णयलाई स्वागत गर्नुभयो ।
- आगामी वर्ष कम्तीमा पनि शेयरधनीहरुलाई १०% मा नघटाई लाभांश प्रदान गर्ने प्रतिवद्धता सभामा घोषणा हुने अपेक्षा गर्नुभयो ।

## १२) **श्री शिवप्रसाद शर्मा**

- ब्याज आम्दानी बाहेक अन्य आम्दानीको श्रोत बढाउन उचित हुने सुझाव दिनुभयो ।
- आगामी साल ३०% लाभांशको अपेक्षा गर्नुभयो ।
- Book Close को Notice मा AGM को अघिल्लो दिनसम्म समय तोकिनु सट्टा AGM हुनेदिन समेत Book Close हुने अवधिमा पारी सूचना दिनु व्यवहारिक हुने राय दिनुभयो ।

## १३) **श्री इन्द्रकृष्ण श्रेष्ठ**

- ५% बोनस प्रदान गरेकोमा सराहना गर्नुभयो ।
- बैंकको लगानी कर्जा उठाउने सम्बन्धमा कडाईका साथ कारवाई गर्नुपर्ने राय दिनुभयो ।
- Branch Office खुल्दा कर्मचारी भर्नामा सकेसम्म Local मान्छेलाई Chance दिनुपर्ने राय दिनुभयो ।

## १४) **श्री श्यामप्रसाद न्यौपाने**

- DCBL राम्रो तबरले Professional हरुबाट संचालन भएको बैंक हुँदा Staff लाई Retention गर्न ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।
- पूर्व वक्ता (श्री निर्मल प्रधान) को बैंक शेयर संबन्धमा समर्थन जनाउनु भयो ।
- आउँदो साल देखि विदेशी बैंकहरु सँग प्रतिस्पर्धा गर्नुपर्ने सम्भावनालाई दृष्टिगत गरी Merge -Joint Venture मा काम गर्न सकिने बारे पनि Explore हुनु राम्रो हुने सुझाव दिनुभयो ।
- बैकले खुल्ने शाखाहरु नाफा आर्जनको आधारमा खोल्नुपर्ने सुझाव दिनुभयो ।
- सभाबाट दिइएका सुझावहरु अर्को सालको प्रतिवेदनमा छुट्टै माइन्यूटको रुपमा दिनहुन सुझाव दिनुभयो ।

१५) **श्री रामलाल श्रेष्ठ**

- ५% मात्र बोनस अलिकम भएको होकी भन्ने आफ्नो मन्तव्य राख्नुभयो ।
- बैंकको गतिविधि बारे नयाँ नारा सहित जनमानसमा बढी प्रचार हुनुपर्ने सुझाव दिनुभयो ।
- वार्षिक प्रतिवेदनको Get Up राम्रो भएको र साधारण सभाको सफलताका लागि कामना गर्नुभयो ।
- राम्रो अध्ययन पश्चात्मात्र नयाँ बैंक शाखा खोल्नुपर्ने सुझाव दिनुभयो ।

**श्री सुधीर खत्री ज्यू (प्रमुख कार्यकारी अधिकृत) ले उल्लेखित विभिन्न वक्ताहरुको जिज्ञासा निवारणको सन्दर्भमा निम्न जानकारीहरु दिनुभयो :**

- अर्को साल १०% बोनस शेयर सम्मलाई कोशिस गर्ने जानकारी दिनुभयो ।
- बैंकका नयाँ कर्मचारीहरुलाई Entry अगाडि Job Training दिई मात्र भर्ना गर्ने व्यवस्था गर्दै आएको जानकारी दिनुभयो ।
- Deposit Collection को सन्दर्भमा निम्न नयाँ Scheme हरु शुरु गरिएको जानकारी दिनुभयो ।

    १. सम्पति कारोवार बचत खाता (७.५% व्याज /वर्ष)
    २. Individual Fixed Deposit (१०% व्याज /वर्ष) (१ वर्ष देखि ३ वर्ष अवधी)

- Housing, Real Estate र Margin Lending मा सकेसम्म लगानी कम गर्ने प्रयास भैरहेको जानकारी दिनुभयो ।
- प्राथमिक पूँजीको १.५ गुणा सम्म मात्र Real Estate Loan प्रबाह गर्ने र उक्त Sector मा २०६९ सालसम्ममा प्राथमिक पूँजी बराबरमात्र लगानी गर्ने जानकारी दिनुभयो ।
- Himalayan Distillery को शेयर Dispose गर्ने प्रयास गर्दा गर्दै पनि अहिलेसम्म हुन नसकेको र यसबारे प्रयास भई नै रहेको जानकारी दिनुभयो ।
- कर्मचारीको ज्ञान र शिप बढाउन देशभित्र र बाहिर Training को व्यवस्था गर्दै आएको पनि जानकारी दिनुभयो ।

- नयाँ आउने कर्मचारीलाई Job Training मा राख्दा Training को लागि छुट्याएको रकम Training Head मा नभई Salary Head मा राखेकोले Training शिर्षकमा रकम कम देखिएको व्यहोरा जानकारी दिनुभयो ।
- NPA लाई अझै कम गर्ने प्रयास जारी रहेको जानकारी दिनुभयो ।
- बैंकको Activities र नयाँ कदम कारवाही बारे प्रचारप्रसारमा केहि कमी भएको उहाँले पनि महशुस गर्नु भएको जानकारी दिनुभयो ।
- Secondary Market मा बैंकको शेयर मूल्य घट्नुमा संस्थापक शेयरबाट रुपान्तरित १९% साधारण शेयरले खास बजारमा असर पार्न सक्ने कुराको सन्दर्भमा बैंकमा थोरै संस्थापक शेयरधनीहरु मध्ये अधिकांश शेयर संचालक तथा बैंकका पदाधिकारीहरुसँग रहेको र नीजहरुको शेयर बेच्नमा कानूनी बन्देज भएको अवस्थामा सो उल्लेखित रुपान्तरित साधारण शेयरको कारणले बजारमा खास असर नपर्ने विचार राख्नुभयो ।
- बैंकको अन्य बैंक वा वित्तीय संस्था सँगको Merge बारे उचित देखिएमा Merge हुने संभावना भएको र यस संबन्धमा अन्य वाणिज्य बैंक जस्तै एभरेष्ट बैंक सँग यसबारे कुराकानी भएको बारे खुलासा गर्नुभयो ।
- AGM अझै अगाडी सम्पन्न गर्न सकिने संबन्धमा प्रयास गरिने जानकारी दिनुभयो ।
- बैंकको शेयरधनीहरुलाई बढी Dividend दिन र कर्मचारीलाई Motivate गर्न Reward को व्यवस्था गर्ने बारे आवश्यक व्यवस्था हुने जानकारी दिनुभयो ।
- बैंकको शाखाहरुमा यही आ.व. भित्र काठमाण्डौं उपत्यका भित्र र देशका अन्य जिल्लाहरुमा गरि ८/१० वटा शाखाहरु खोल्न जोडतोडले काम भइरहेको व्यहोरा जानकारी गराउनुभयो ।
- Corporate Social Responsibility हकमा Rotary Club of Bagmati, Helping Hand, Cancer Relief Society तथा अन्य संस्थाहरुसँग मिली विभिन्न कार्यक्रम गर्दै आएको साथै धुम्रपान त्याग्ने अभियान, स्कुल छात्रवृत्ती, सिप बिकास तालिम, रक्तदान, स्वास्थ्य शिबिर लगायत विभिन्न अन्य सामाजिक कार्यमा संलग्न रहदैं आएको जानकारी दिनुभयो ।

अन्तमा उहाँले यस सभामा उठेका विभिन्न विषयमा बैंकले राम्ररी मनन गरि शेयरधनीहरुको मनसाय र आकांक्षा अनुरुप काम गर्दै जाने अठोट पनि व्यक्त गर्नुभयो ।

**निर्णयहरु :**

सभापतिले साधारण सभामा छलफलका विषय सूचीहरु निर्णयको लागि पेश गर्नुभयो र सभाले प्रत्येक प्रस्तावलाई करतल ध्वनीका साथ पारित गरे पछि निम्न अनुसार निर्णय भएको घोषणा गर्नुभयो ।

१. नवौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रस्तुत प्रतिवेदन सर्वसम्मतीबाट पारित भयो ।

२. लेखापरीक्षकद्धारा प्रेषित प्रतिवेदन सहितको २०६६ आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त आ. व. २०६५/६६ को नाफा-नोक्सान हिसाब तथा नगद-प्रवाह विवरण छलफल गरी सर्वसम्मतीबाट पारित भयो ।

३. आर्थिक वर्ष २०६६/६७ को लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम श्री एन. अमात्य एण्ड कम्पनीलाई रु. १,००,०००/- (रु. एक लाख मात्र) पारिश्रमिकमा नियुक्ति गर्ने प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

४. बैंकको जारी तथा चुक्ता पुँजी बृद्धि गर्न चुक्ता पुँजीको ५ प्रतिशत (खुद) रकम रु. ८ करोड २७ लाख ६४ हजारको बोनस शेयर जारी गर्ने, भिन्न अंक (Fraction) मा आएका शेयरहरुलाई माथिल्लो पूर्ण अंक (Upper Whole Number) मा परिणत गर्ने, सोको प्रयोजनको लागि अंकित मूल्यका आधारमा शेयरधनीहरुसँग भुक्तानी लिई समायोजन गर्ने, यसरी समायोजन गर्दा समुह ‘क’ तथा ‘ख’ को शेयर ग्रहण अनुपात कायमै रहने गरी आवश्यक परे समानुपातिकरुपमा शेयर थप गरी तद्नुकुल जारी तथा चुक्ता पुँजीमा समेत समायोजन गर्न समितिलाई अख्तियारी प्रदान गर्ने गरी विशेष प्रस्ताव पारित भयो तथा बोनस शेयरको लाभांश कर प्रयोजनको लागि नगद लाभांश रकम रु. ४३ लाख ५६ हजार स्विकृती गर्ने सम्बन्धी सामान्य प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

५. बैंकको निम्न उल्लेखित प्रबन्ध–पत्रको दफा ६ को ‘ख’ र ‘ग’ बमोजिम संशोधन प्रस्ताव स्वीकृत गर्ने, प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरवदल सुझाव भएमा सो सुझावअनुसार आवश्यक फेरवदल गर्न बैंकको संचालक समिति वा संचालक समितिले तोकेको कुनै व्यक्तिलाई अख्तियारी दिने गरी प्रस्तुत विशेष प्रस्ताव पारित भयो ।

## प्रबन्धपत्रमा भएको संशोधन प्रस्ताव

| सि.न. | साविक | पारित |
|---|---|---|
| ६. | **बैंकको पुँजीको संरचना :**<br><br>(ख) बैंकको तत्काल जारी गर्ने शेयर पुँजी रु.१,६६,११,८४,०००/- (अक्षरेपी रु. एक अरब छैसठ्ठी करोड एघार लाख चौरासी हजार मात्र) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु. १०० /– का दरले १,६६,११,८४० (एक करोड छैसठ्ठी लाख एघार हजार आठ सय चालिस थान) साधारण शेयरमा विभाजन गरिएको छ । | **बैंकको पुँजीको संरचना :**<br><br>(ख) बैंकको तत्काल जारी गर्ने शेयर पुँजी रु.१,७४,३९,४८,५००/– (अक्षरेपी रु. एक अरब चौहत्तर करोड उनान्चालिस लाख अठ्चालिस हजार पाँच सय मात्र) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु. १०० /– का दरले १,७४,३९,५०० (एक करोड चौहत्तर लाख उनान्चालिस हजार पाँच सय थान) साधारण शेयरमा विभाजन गरिएको छ । |
| | (ग) बैंकले तत्काल चुक्ता गर्न कबुल गरेको पुँजी रु. १,६६,११,८४,०००/– (अक्षरेपी रु. एक अरव छैसठ्ठी करोड एघार लाख चौरासी हजार मात्र) हुनेछ । | (ग) बैंकले तत्काल चुक्ता गर्न कबुल गरेको पुँजी रु.१,७४,३९,४८,५००/– (अक्षरेपी रु. एक अरब चौहत्तर करोड उनान्चालिस लाख अठ्चालिस हजार पाँच सय मात्र) हुनेछ । |

६. विविध शिर्षकमा बैंकले आगामी २०६७ आषाढसम्ममा पूँजीकोष रु. २ अरब पुऱ्याउनु पर्ने सम्बन्धमा चुक्तापूँजी नै बृद्धि हुनुपर्ने गरी नेपाल राष्ट्र बैंकबाट २०६७ चैत्रको समयावधी तोकिएको हुँदा साधारण सभामा कतिपय शेयरधनीहरुबाट बोनस शेयरबाट पनि आवश्यक चुक्तापूँजी नपुग हुने देखिएकोले चुक्तापूँजीको १०% सम्म हकप्रद शेयर जारी गर्न सक्ने गरी समितिलाई अख्तियारी प्रदान गर्ने मन्तव्य समेत व्यक्त भएको सन्दर्भमा सभामा छलफल भै सो बमोजिमको हकप्रद शेयर जारी गर्न समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

अन्तमा सभापतिज्यूले यस सम्मानित साधारण सभामा ठूलो संख्यामा उपस्थित हुनु भएका शेयरधनी महानुभावहरु तथा अमूल्य सल्लाह एवं बैंकलाई उत्थान गर्न

रचनात्मक सुझाव प्रदान गर्नु हुने वक्ता महानुभावहरुलाई धन्यवाद दिनुभयो । त्यसै गरी यो नवौं साधारण सभाको व्यवस्थामा संलग्न यस बैंकका कर्मचारीहरु, नेपाल सरकारका सम्बन्धित निकायहरु, सुरक्षा सम्बन्धी व्यवस्थाका निकायहरु एवं बैंकलाई हरवखत सहयोग पुऱ्याउनु हुने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रार कार्यालय, धितोपत्र बोर्ड, नेपाल धितोपत्र विनिमय बजार लिमिटेड, प्रज्ञा भवनका सम्बन्धित कर्मचारीहरु एवं बैंकका संचालकहरु तथा सल्लाहकारहरुले पुऱ्याउनु भएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्नुभयो ।

अन्तमा सभापतिज्यूले सभा विसर्जन भएको घोषणा गर्नुभयो ।





| | |
|---|---|
| श्री नारायणलाल श्रेष्ठ | श्री कृष्णलाल महर्जन |
| (कम्पनी सचिव) | (अध्यक्ष) |